नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

(मान्यता, समकक्षता तथा मूल्याङ्कन ........ शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- ०८१/०८२
चलानी नं.:-

मिति: २०८२/०३/१५

विषय :- थप पाठ्यसामग्री तथा डिजिटल सिकाइ सामग्री मूल्याङ्कनका लागि पेस गर्नेसम्बन्धी सूचना।

शिक्षा नियमावली, २०५९ (संशोधनसहित को परिच्छेद ७ को नियम ३५ बमोजिम विद्यालयले थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा स्वीकृति लिनुपर्ने प्रावधान रहेकाले पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ को दफा २५ अनुसार शैक्षिक सत्र २०८३ देखि लागु हुने विद्यालय तह कक्षा १२ सम्मको थप पाठ्यसामग्री तथा सोही निर्देशिकाको दफा २६ बमोजिम डिजिटल सामग्री स्वीकृत गर्न चाहने प्रकाशक तथा लेखकहरूले **२०८२ साल भाद्र १ गतेदेखि २०८२ साल चैत्र मसान्तभित्र** स्वीकृतिका लागि तपसिलबमोजिमका सर्तसहित विकसित पूर्ण पाठ्यसामग्रीका साथै आवश्यक कागजातहरू यस केन्द्रमा पेस गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

**(क) अनिवार्य रूपमा QR मा Upload गरी पेस गर्नुपर्ने कागजातहरू**

१. राष्ट्रिय बाणिज्य बैंङ्कमा रहेको राजस्व खाता नम्बर क १०००१००२०००१००००, राजस्व शीर्षक नम्बर १४२२३ र पाठ्यक्रम विकास केन्द्रको कार्यालय कोड नं. ३५००२३३०१ मा निम्नानुसार रकम दाखिल गरेको सक्कल बैंङ्क भौचर;

| क्र. सं. | कक्षा | प्रति पाठ्यसामग्री राजस्व दर रु. | प्रति डिजिटल सामग्री राजस्व दर रु. | परिमार्जन हुने पाठ्यसामग्रीमा हुनुपर्ने अधिकतम पेज सङ्ख्या | नयाँ पाठ्यक्रम अनुसार पेस हुने नयाँ पाठ्यसामग्रीमा हुनुपर्ने अधिकतम पेज सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| क | कक्षा १ देखि ३ सम्म | १०,०००।- | ५,०००।- | २५० | १५५ | डिजिटल सामग्री पेस गर्दा Link तथा प्रयोग विधि, सो सामग्रीको Soft Copy र Hard Copy (बनेको भए) सो समेत पेस गर्नुपर्ने छ। |
| ख | कक्षा ४ देखि ५ सम्म | १५,०००।- | ५,०००।- | ३०० | १७५ | |
| ग | कक्षा ६ देखि ८ सम्म | १५,०००।- | ५,०००।- | ३५० | २०० | |
| घ | कक्षा ९ देखि १० सम्म | १७,०००।- | ५,०००।- | ४०० | २७५ | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(मान्यता, समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- ०८१/०८२
चलानी नं.:-

मितिः २०८२/०३/१५

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ङ | कक्षा ११ देखि १२ सम्म | २०,०००।- | ५,०००।- | ६५० | ६०० | |

२. व्यक्ति स्वयम्ले प्रमाणित गरेको लेखकको शैक्षिक योग्यताको लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नेपाल बाहिरको बोर्डको हकमा समकक्षता पत्रको प्रतिलिपि र अनुभव साथै निम्नानुसारको बायोडाटा,

| क.सं. | लेखकको नाम थर | पाठ्यसामग्रीको नाम | कक्षा | शैक्षिक योग्यता | मुख्य विषय | अनुभव वर्ष संस्था | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |

३. लेखक/सामग्री निर्माताले एउटै विषयको उही कक्षामा एउटा प्रकाशन गृहबाट मात्र सामग्री लेखन कार्य गरेको स्वघोषणा पत्र,

४. लेखक तथा प्रकाशक भएको हकमा PAN मा दर्ता भएको, निजी प्रकाशन गृहको हकमा नियमानुसार दर्ता गरेको, नवीकरण गरेको, कर तिरेको कागजात

५. लेखक तथा प्रकाशकबिचको सम्झौतापत्र,

६. विषयवस्तु, अभ्यास, चित्र, लेआउट, डिजाइन सहितको पूर्ण स्वरूपका पाठ्यसामग्री ३/३ प्रति

७. लेखक र प्रकाशकको तर्फबाट प्रतिलिपि अधिकार आकर्षित हुने गरी अन्य लेखक र प्रकाशकको हुबहु साभार गरिएको तथा AI लगायतका **Tools** प्रयोग गरी पाठ सिर्जना नगरिएको स्वघोषणा/प्रतिबद्धता पत्र ।

**(ख) मूल्याङ्कनका लागि सामग्री पेस गर्दा अपनाउनुपर्ने विधि र सर्त**

१. लेखकको शैक्षिक योग्यता सम्बन्धित विषयमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी शिक्षण, प्रशिक्षण, लेखन तथा अनुसन्धानको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको प्रमाण संलग्न गर्नुपर्नेछ,

२. लेखक/प्रकाशकले कक्षा १ देखि १२ सम्मको निर्धारित पाठ्यक्रम संरचनाअनुसार विद्यार्थीको सिकाइ सहजीकरणका लागि कक्षाकोठामा प्रयोग गर्ने उद्देश्यले तयार पारेको मुद्रित तथा डिजिटल सामग्री मात्र स्वीकृतिका लागि पेस गर्नुपर्ने छ। निर्धारित पाठ्यक्रम संरचनाअनुसार तयार नभएका, पाठ्यक्रमले तोकेभन्दा बाहेक विभिन्न विषयलाई समेटी पाठ्यसामग्रीका रूपमा तयार पारिएको वा पाठ्यक्रममा उल्लेख नभएका विषयका सामग्री एवम् गेसपेपर, गाइड, पकेट बुक जस्ता सामग्री स्वीकृत हुने छैनन्,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

(मान्यता, समकक्षता तथा मूल्याङ्कन ........ शाखा)

पत्र संख्याः- ०८१/०८२

मितिः २०८२/०३/१५

चलानी नं.:-

३. सामाजिक अध्ययन विषय नेपाली भाषाका माध्यमबाट पठनपाठन गराउनुपर्ने भएकाले हाम्रो सेरोफेरो, सामाजिक अध्ययन विषयको माध्यम भाषा पनि सोहीअनुसार हुनपर्ने छ,

४. एउटा पाठ्यसामग्रीको लेखक तथा सम्पादक अधिकतम ५ जनाभन्दा बढी राख्न पाइने छैन,

५. पाठ्यसामग्रीको नाम, लेखकको नाम, शैक्षिक योग्यताबाहेक लेखकको तस्विर वा अन्य विवरण सामग्रीमा राख्न पाइने छैन,

६. सामग्री प्रकाशन गर्दा यस केन्द्रको प्रकाशन शैलीअनुसार भाषिक तथा लेआउट सम्पादन गर्ने र नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको कागज तथा छपाइको गुणस्तर हुनुपर्ने छ। कागजात तथा छपाइको गुणस्तरसम्बन्धी थप जानकारी यस केन्द्रबाट प्राप्त हुने,

७. तोकिएको समयभन्दा पछी पेस हुन आएका पाठ्यसामग्री तथा डिजिटल सिकाइ सामग्रीको स्वीकृति शैक्षिक सत्र ०८४ देखि लागु हुने गरी दिन सकिनेछ साथै स्वीकृत नलिई पाठ्यसामग्री तथा डिजिटल सिकाइ सामग्री बिक्री वितरण गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने छ,

८. यसपूर्व स्वीकृति प्राप्त गरेको पाठ्यसामग्रीको एकप्रति यस केन्द्रमा बुझाउन बाँकी रहेको भए सोको प्रति बुझाएपछि मात्र यस सूचनाबमोजिम पेस हुन आएको पाठ्यसामग्री दर्ता गरिनेछ,

९. थप जानकारीका लागि फोन नं. ०१-६६३०७९७ मा सम्पर्क गर्नुहुन अनुरोध छ । सम्बन्धित तहका पाठ्यक्रमहरू र पाठ्यसामग्री लेखनका आधार यस केन्द्रको वेवसाइट www.moecdc.gov.np मा उपलब्ध छन् ।